## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं.१६/०८०/८१

आज मिति २०८०।११।२२ गते मंगलवार दिउँसो २ बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१६/०८०/८१ (सोहौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit. | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत अहिर | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | रामेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरुको उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | अधिकृत छैठौं | | |
| २. | पुजा यादव | सहायक पाचौं | | |
| ३. | श्यामबाबु प्र. यादव | का. स. | | |

CamScanner

## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१६/०८०/८१ मिति २०८०।११।२२ गतेको एजेण्डा तथा निर्णयहरु

## छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

### १. श्री ने.रा.नमुना मा.वि.को फिल्ड विस्तार सम्बन्धमा ।

निणय : कलैया उपमहानगरपालिका वडा नं.१ स्थित श्री ने.रा.नमुना मा.वि. कलैयाको फिल्ड विस्तारका लागी कलैया उ.म.न.पा. कार्यालयको मिति २०८०।११।०३ गते विधालयको लागी निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी १५ दिने सुचना भएको तर उक्त अवधिसम्म निशुल्क जग्गा उपलब्ध गराउने ईच्छुक जग्गा दाता नभेटिएकोले कलैया उपमहानगरपालिका वडा नं.१ को वडा स्तरीय योजना आ.व. २०८०/०८१ मा श्री ने.रा.नमुना मा.वि. स्कुलको जग्गा फिल्ड विस्तार गर्न बिनियोजित बजेट रु.१०,००,०००/-(दस लाख मात्र) मध्येबाट फिल्ड विस्तारको लागी विधालयको पर्खालसँग टाँसिएको श्रीमती राजभरि अहिरिनको साविक गा.वि.स. कलैया वडा नं.६ हाल कलैया उपमहानगरपालिका वडा नं.१ को कित्ता नं.९८ जं.वि. ०-२-० (दुई कठ्ठा) जग्गा उचित मुल्यमा विक्री गर्न जग्गावाला तयार भई निवेदन दिएकोले उक्त जग्गा खरिद सहमति उपलब्ध गराई दिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

### २. वडा नं.८ को फन पार्कको लागी जग्गा सम्बन्धमा ।

निर्णय : कलैया उपमहानगरपालिका वडा नं.८ को वार्षिक बजेट कार्यक्रममा स्वीकृत भएको योजना अनुसार उक्त वडामा फन पार्क निर्माण गर्नु पर्ने योजना अनुसार कलैया उपमहानगरपालिकाको मिति २०८०।११।०३ गतेको फन पार्कको लागी निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी १५ दिने सुचना भएको तर उक्त अवधिसम्म निःशुल्क जग्गा उपलब्ध गराउने ईच्छुक जग्गा दाता नभेटिएकोले कलैया उपमहानगरपालिका वडा नं.८ को वडा स्तरीय योजना आ.व. २०८०/०८१ मा पार्क निर्माणको लागी जग्गा खरिद गर्न विनियोजित बजेट रु.३०,००,०००/-(तिस लाख मात्र) मध्येबाट तपसिलका जग्गाबाला उचित मुल्यमा जग्गा बिक्री गर्न तयार भई निवेदन दिएकोले उक्त जग्गा खरिद सहमति उपलब्ध गराई दिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

| जग्गा धनीको नाम | जिल्ला | साविक गा.वि.स. र वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| दिनानाथ प्रसाद सर्राफ | बारा | सिसहनिया, ७ | ५५० | ०-३-० | खरीद |
| | बारा | सिसहनिया, ७ | ४२७ | ०-१-१५ | खरीद |
| | बारा | सिसहनिया, ७ | ५२५ | ०-०-१५ | खरीद |
| सुगान्धी देवी | बारा | सिसहनिया, ७ | ५५१ | ०-३-० | खरीद |
| | बारा | सिसहनिया, ७ | ३९९ | ०-१-५ | खरीद |
| | बारा | सिसहनिया, ७ | ४०० | ०-१-५ | खरीद |
| माहापती देवी कोइरीन | बारा | सिसहनिया, ७ | २७३ | ०-२-१५ | खरीद |

CamScanner

**३. छठ घाट निर्माणका लागी जग्गा सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं. १९ को वार्षिक बजेट कार्यक्रममा स्वीकृत भएको योजना अनुसार उक्त वडामा छठ घाट निर्माण गर्नु पर्ने योजना अनुसार कलैया उपमहानगरपालिकाको मिति २०८०।११।०३ गतेको छठ घाट निर्माणका लागी नि:शुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी १५ दिने सुचना भएको तर उक्त अवधिसम्म नि:शुल्क जग्गा उपलब्ध गराउने ईच्छुक जग्गा दाता नभेटिएकोले कलैया उपमहानगरपालिका वडा नं.१९ को वडा स्तरीय योजना आ.व. २०८०/०८१ को इनर्वा टोलको छटघाटका लागी छठीमाईको जग्गा खरिद गर्न बिनियोजित बजेट रु.८,००,०००/-(आठ लाख मात्र) मध्येबाट तपसिलका जग्गाबाला उचित मुल्यमा जग्गा बिक्री गर्न तयार भई निवेदन दिएकोले उक्त जग्गा खरिद सहमति उपलब्ध गराई दिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

| जग्गा धनीको नाम | जिल्ला | साविक गा.वि.स. र वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| जोगिलाल प्रसाद कानु | बारा | रघुनाथपुर, ३ | ५५५ | ०-०-१२-८ | खरीद |
| | बारा | रघुनाथपुर, ३ | ५६२ | ०-०-६-८ | खरीद |
| नथुनी पडित कुमहार | बारा | रघुनाथपुर, ३ | ८७० | ०-१-० | खरीद |
| राज किशोर प्र.कलवार | बारा | रघुनाथपुर, ३ | ६९० | ०-०-१९ | खरीद |
| प्रभु प्रसाद साह | बारा | रघुनाथपुर, ३ | ५६१ | ०-०-१९ | खरीद |
| राम अधेश राउत | बारा | रघुनाथपुर, ३ | ६८९ | ०-०-६-८ | खरीद |
| | बारा | रघुनाथपुर, ३ | ५५४ | ०-०-१२-८ | खरीद |
| शिव प्रसाद यादव | बारा | रघुनाथपुर, ३ | ९६४ | ०-०-१० | खरीद |

**४. सार्वजनिक सुनवाई सम्बन्धमा ।**

निर्णय : कलैया उपमहानगरपालिकाको सार्वजनिक सुनवाई श्री ३ चन्द्र उच्च माध्यमिक विधालय, कलैया उ.म.न.पा. वडा नं. १ मा फाल्गुन ३० गते गर्ने निर्णय गरियो ।

**५. घर बहाल तथ्यांक संकलन तथा अभियान सम्बन्धमा ।**

**निर्णय :** वडा नं.१,३,४,५,६,७ र ८ मा घर बहाल तथ्यांक संकलन अभियान संचालन गर्नका लागी प्रत्येक वडामा सुपरभाईजरमा वडा अध्यक्ष तथा तथ्यांक संकलनकर्ताका लागी वडा अध्यक्षले चयन गरेका १२ कक्षा उतीर्ण गरेका १ जना लाई खटाउने र उक्त कार्य गरे वापत पारिश्रमिक स्वरुप सुपरभाइजर लाई रु. २००००/- (विस हजार) र तथ्यांक संकलनकर्ता लाई रु. २०,०००/-(बिस हजार) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**६. कलैया यातायात व्यवस्थापन कार्यविधि सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका कलैया यातायात व्यवस्थापन कार्यविधि २०८० पास गर्ने निर्णय गरियो ।

CamScanner

**७. जिविकोपार्जन कार्यक्रम सम्बन्धमा ।**

**निर्णय :** जिविकोपार्जनको लागी दुहुना भैसी पालन अन्तरगत ३ वटा चिस्यान केन्द्रका लागी खरिद भएको उपकरणहरु जडान भएको र केही उपकरणहरुको अभावले संचालन हुन नसकेकोले उक्त कार्यक्रमबाट बचेको बजेट रु.६,००,०००/-(रु. छ लाख मात्र) मध्येबाट आवश्यक उपकरण खरिद गरी संचालन गर्ने निर्णय गरियो ।

**८. सुचना प्रशारण सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको विकास निर्माण सहितका अन्य गतिविधि तथा सुचनाहरु चालु आ.व.को बाकी अवधिको लागी प्रशारण गर्न रेडियो कलैया लाई रु.१,५०,०००/- (एक लाख पचास हजार) र रेडियो बारा एफ.एम. लाई रु.१,५०,०००/-(एक लाख पचास हजार) को सम्झौता गरी प्रशारण गराउने निर्णय गरियो ।

**९. इन्धन सम्बन्धमा ।**

**निर्णय :** २०७९ फाल्गुन महिना देखी लिदै आएका इन्धन/पेट्रोल, कलैया उपमहानगरपालिका कार्यपालिका सदस्य ज्युहरुलै १५ लिटर तथा वडा अध्यक्ष ज्युहरुले २० लिटर लाई निरन्तरता दिने निर्णय गरियो ।

**१०. 'घ' वर्ग निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

**निर्णय :** 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधी २०७५ अनुसार मापदण्ड पुरा गरी पेश हुन आएका तपशिलका फर्महरुलाई इजाजतपत्र दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | निर्माण व्यवसायको नाम | ठेगाना | प्रो.को. नाम |
|---|---|---|---|
| १ | साक्षी विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | कलैया - ४ | गजेन्द्र प्रसाद कुर्मी |
| २ | सोहाना कन्स्ट्रकसन | कलैया - १८ | सहिम मियाँ धोवी |
| ३ | इन्द्रजीत कन्स्ट्रकसन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | कलैया - ५ | इन्द्रजीत प्रसाद कुशवाहा |
| ४ | तारा कन्स्ट्रकसन | कलैया - १३ | ताराचन्द्र साह तेली |
| ५ | आफिया कन्स्ट्रकसन | कलैया - १५ | मनिजा खातुन |
| ६ | कंकालिमाई कन्स्ट्रकसन | कलैया - ४ | मुकेश कुमार साह तेली |
| ७ | जय माँ राजदेवी निर्माण सेवा | कलैया - २ | सुनिल कुमार श्रीवास्तव |

**११. कलभर्ट निर्माण सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.२४ बेलवाडी टोलमा आ.व.२०८०/०८१ मा छुटयाईएको वडा स्तरीय बजेटवाट निर्माण गर्न लागीएको कलभर्ट कुलो र होमपाईप जडान रहेकै साविककै ठाउँमा निर्माण गर्न निर्णय गरियो ।

CamScanner

**१२. सुवेदी निर्माण सेवाको ठेक्का नं. ५ को म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.१, ४ र ५ मा पिच सडक निर्माण कार्य सुवेदी निर्माण सेवाको ठेक्का नं.KSMC/NCB/WORKS-05-078/079 विविध कारणले समयमा पुरा हुन नसकेकोले कार्य पुरा गर्नका लागी आ.व. २०८०/८१ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**१३. पाठेघर (आङ्ग) खस्ने रोगको स्क्रिनिङ्ग सिविर सम्बन्धमा ।**

**निर्णय :** मधेश प्रदेश स्वास्थ्य निर्देशनालय, सपही, धनुषाले संचालन गर्न लागेको १ देखी २७ वटै वडाहरुमा महिलाहरुको पाठेघर (आङ्ग) खस्ने रोगको उपचार तथा शल्यक्रिया नि:शुल्क सिविरका लागी कर्मचारी (स्टाफ नर्स/अ.न.मी.) हरुको तालिम, समस्या पहिचान भएका महिलाहरुको उपचार तथा शल्यक्रिया खर्च मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले वेहोर्ने र पाठेघर (आङ्ग) खस्ने रोगको स्क्रिनिङ्ग गर्नका लागी महिला स्वा.स्वं.सेविका तथा कर्मचारी परिचालन खर्च उप महानगरपालिकाको कार्यालयले वेहोर्नुपर्ने भएकोले अनुमानित खर्च रकम रु १,००,०००/- (एक लाख मात्र) सम्म स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner